जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक ७५ २०८२ साल असोज ३१ गते शुक्रबार (17 Oct 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : क्रिकेटमा नयाँ इतिहास ... ३ पृष्ठमा : इतिहासको पानामा नाम ... ३ पृष्ठमा : ट्रम्पको टिप्पणीपछि ...

# मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सोनलसहित दुई मन्त्रीद्वारा शपथ

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

मधेस प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनलले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

बिहीबार जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित एक समारोहबीच मुख्यमन्त्रीमा नियुक्त भएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका प्रदेशसभा सदस्य सोनलले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी समक्ष भोजपुरी भाषामा पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

यस्तै सोही कार्यक्रममा मधेस प्रदेश सरकारका नव नियुक्त दुई मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।



जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादव र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) प्रमुख सचेतक कनिष पटेलले बिना विभागीय मन्त्रीका रूपमा पद तथा गोपनीयताको सपथ लिएका हुन् ।

प्रदेश प्रमुख भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सोनललाई बुधबार साँझ पाँच दलको ५६ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्री पदमा नियुक्त गरेकी थिइन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको नेतृत्वमा गठन भएको नयाँ सरकारमा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, माओवादी केन्द्र र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) सहभागी रहेको छ ।

# मन्दिर तथा जलाशयको सरसफाई गर्दै मनाइए प्रहरी दिवस





**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

राजविराजस्थित विभिन्न मन्दिर तथा जलाशयको सरसफाई गर्दै प्रहरीले ७०औं स्थापना दिवस मनाएको छ ।

आउनै लागेको दिपावली र छठपर्व समेतलाई लक्षित गरी प्रहरीले राजविराजका मठ-मन्दिर र जलाशयहरुको सरसफाई अभियान थालेको हो ।

७०औं प्रहरी दिवसको अवसर पारेर बिहीबार राजविराजस्थित चण्डी भगवती मन्दिरको हाताभित्र रहेको भगवती पोखरीका साथै भगवती मन्दिर, हरिनन्देश्वर महादेव मन्दिर र हनुमान मन्दिर परिसरको सरसफाई गरेका छन् ।

अभियानका संयोजक एवं मधेश प्रदेश प्रहरी तालिम केन्द्र सम्पर्क कार्यालय राजविराजका बरिष्ठ प्रहरी उपरीक्षक भिम दाहालले नजिकिएको तिहार तथा छठपर्वलाई लक्षित गरी यसपल्ट नगरका जलाशय र मठ मन्दिरको सरसफाई गरी ७०औं प्रहरी दिवस मनाउन लागिएको बताए ।

लक्ष्मी पुजा र छठपर्वका बेला मन्दिर र जलाशय किनारहरुमा भक्तजनको अत्याधिक भीडभाड हुने गरेको र प्रहरीले सरसफाईमा सघाएपछि भक्तजनलाई सहज हुने हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी महेश्वर भारतीले भने ।

सरसफाई अभियानमा तालिम केन्द्रका महिला र पुरुष गरी तीन सय सुरक्षाकर्मी खटाइएको मधेश प्रदेश तालिम केन्द्रले जनाएको छ ।

# जमेको पानीमा डुबेर बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा एक बालिकाको जमेको पानीमा डुबेर ज्यान गएको छ ।

वडा नं. ५ घर भएका भगवती यादवको २ बर्षीया छोरी श्रृष्टि कुमारी यादवको जमेको पानीमा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

आफ्नो घरदेखि करिब ५० मिटर पुर्व दक्षिणतर्फ खेतमा जमेको पानीमा श्रृष्टि मृत फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

बालिका खेल्दै जाने क्रममा खेतमा जमेको पानीमा डुबेर मृत्यु भएको उनले बताए ।

# दुर्घटनामा घाइते भएकी महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३० असोज ।**

सप्तरीको बिष्णुपुर गाउँपालिका १ जमुनीस्थित हुलाकी सडक खण्डमा मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।

सुरुङ्गा नगरपालिका वडा नं. १० सिस्वाकी ४० वर्षीया बिमला देवी यादवको बिहीबार उपचारको क्रममा मृत्यु भएको हो ।

बुधबार सोही ठाउँ बस्ने ३५ वर्षीय प्रमोद यादवले चलाइ राखेको स.९प.९०३९ नम्बरको मोटरसाइकलमा पछाडी सवार भई सिस्वाबाट राजविराजतर्फ जादैं गर्दा बिष्णुपुर गाउँपालिका १ जमुनी स्थित हुलाकी सडक खण्डमा मोटरसाईकल दुर्घटना भएको थियो ।

दुर्घटनामा घाइते भएकी यादवलाई गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि विराटनगर पठाइएको प्रहरीले जनाएको छ ।

अस्पतालमा स्वास्थ्य अवस्था गम्भिर बन्दै जाँदा उपचार खर्चको अभावमा परिवारजनले पुन: बिहीबार गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

दुर्घटनामा घाईते मोटरसाइकल चालक प्रमोदको उपचार भईरहेको र मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# फरार १ सय २२ कैदीबन्दी काठमाडौंबाट पक्राउ

काठमाडौं, ३० असोज (रासस) ।

गत भदौ २४ गते जेनजी प्रदर्शनका क्रममा विभिन्न कारागारबाट भागेका एक सय २२ फरार कैदीबन्दीलाई नेपाल

***बाँकी अन्तिम पृष्ठमा***

मुटुलाई माया गरौं ।

मुटुलाई स्वस्थ राख्नः
❖नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
❖नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
❖धूम्रपान र मद्यपान नगरौं,
❖ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
❖पर्याप्त मात्रामा सुतौं,
❖सक्रिय जिवनशैली अवलम्बन गरौं,
मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

